# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय कपन, काठमाडौंका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०३/०९ गते मंगलबारको न्युज २४ राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/११/०६ गते मंगलबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम ऋणीले कर्जा चुक्ता तथा धितो लिलाम बिक्री हुन नसकेकोले मिति २०८२/०५/०२ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले मिति २०८२/०७/१७ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम बिक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौंमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८३/०३/१६ गते मंगलबार **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौंमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

## तपसिल

**क.ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/२१ गते दर्ता नं. २६६९८१/०७८/०७९ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, ललितपुर १ बाट मिति २०७८/०४/२८ (मु.अ.कर दर्ता मिति २०७८/०४/२८) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१००४६५८० को प्रमाणपत्र प्राप्त **उद्देश्य ट्रेड एण्ड इन्भेष्टमेन्ट प्रा.लि.** ।

**रजिष्ट्रर्ड ठेगाना :** ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं २, सानेपा ।

| | |
|---|---|
| **सञ्चालक तथा जमानतकर्ता : नमराज खत्री,** (ना.प्रं.नं. ५३३७१) जारी मिति २०४८/०४/०२, प्रतिलिपि जारी मिति २०७७/०८/११, जारी गर्ने कार्यालय जि.प्र.का. ललितपुर )। **ठेगाना :** ललितपुर जिल्ला गोदावरी नगरपालीका वडा नं. ४ ।<br>**बाबु :** कृष्ण बहादुर खत्री ।<br>**बाजे :** रण बहादुर खत्री । | **सञ्चालक जमानतकर्ता : नित्य गुरुङ,** (ना.प्र.नं ४५-०१-७१-०१२८२, जारी मिति २०७१/०३/१५ जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ )।<br>**ठेगाना :** लमजुङ जिल्ला, खुदी गा.वि.स. वडा नं. ३ (हाल मर्स्याङदी गा.पा. वडा नं. ३)।<br>**बाबु :** तिर्थ बहादुर गुरुङ ।<br>**बाजे :** शेर बहादुर गुरुङ । |
| **जमानतकर्ता : शान्ता खत्री,** (ना.प्र.नं २८-०१-०६७-०७९३६, जारी मिति २०६७/१२/०७ जारी गर्ने कार्यालय जि.प्र.का. ललितपुर)।<br>**ठेगाना :** ललितपुर जिल्ला, बडिखेल गा.वि.स. वडा नं. ६ (हाल गोदावरी न.पा. वडा नं. ४)।<br>**बाबु :** राम बहादुर अधिकारी ।<br>**बाजे/पति :** दल बहादुर अधिकारी / नमराज खत्री । | **जमानतकर्ता : रविना गुरुङ,** (ना.प्रं.नं. ४५१००५/९०९९) जारी मिति २०६६/०२/३१ जारी गर्ने कार्यालय जि.प्र.का. लमजुङ )।<br>**ठेगाना :** लमजुङ जिल्ला, खुदि गा.वि.स. वडा नं. ३ (हाल मर्स्याङदी गा.पा. वडा नं. ०३)।<br>**बाबु :** रघु घले ।<br>**बाजे/पति :** कान्छा राम गुरुङ /तिर्थ बहादुर गुरुङ । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. **नित्य गुरुङ**को नाममा मालपोत कार्यलय, बारा कलैयामा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, गढहल गा.बि.स. वडा नं. ९ नक्सा सिट नं. ९, स्थित कित्ता नं. २८८ र २१८, क्षेत्रफल ०-१६-८-० र ०-४-१५-० (बिघा)घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पुर्ण लिगलगापात समेत.......१

२. ऋणी **उद्देश्य ट्रेड एण्ड इन्भेष्टमेन्ट प्रा.लि.**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.............१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय कपनबाट** समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय कपनमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**

Size: 3x31